सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
खबर
राष्ट्रिय दैनिक
माझखर्क साप्ताहिकको सह-प्रकाशन

पत्रकार
नेतादेखि
फिल्म
निर्देशक
सम्म भिषण
राई

■ बर्ष-१५, ▸▸ अंक ३४४ ▸▸ असार १९ शनिबार,२०७८, July– 3 Saturday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/-www.majhkharka.com

नगरपालिका तोडपफोड गर्ने बेलकाबासी

गिनेरी खोलाको पुल बगाउन लाग्दा चुपचाप

❖ बुद्धि कुमार राई

बेलका, (जहडा) असार १८

उदयपुर पूर्वी नगरपालिका बेलका नगरपालिकाको वडा नम्बर ५ जहडमा पर्ने गिनेरी खोलाको पुल वर्षायामको भेलले बगाउँने जोखिम बढेको छ ।



असार १८ गते शुक्रबार बेलुकीसम्ममा पुलको पूर्वी बाँध भत्काउन सुरु गरिसकेको छ । तिन अघि बेलका नगरपालिकाको सभाहल भत्काउन, तोडफोड गर्न उर्लिएको बेलका रामपुरबासी जहडास्थित गिनेरी खोलाको पुल बगाउन सुरु गरिसक्दा समेत चुपचाप बसिरहेका छन् । सार्वजनिक सम्पतीको तोडफोड गर्न बेलकाबासी एक नम्बरमा अगाडी आउँछन् । गत बर्ष पनि बेलकाबासी तोडफोड गर्न, मेयरमाथि जाई लागेको थियो । यो बर्ष तिन दिनअघि बेलका नगरपालिकाको सभाहल तोडफोड गरेर २० लाख बढिको क्षति पुर्याएको छ । आन्दोलनकारीले बेलका नगरपालिकाको गाडी समेत तोडफोड गरेका छन् ।

मदन भण्डारी लोकमार्ग अर्न्तगत बसाहा-सुपाडे -रामपुर चतरा धरान सडक खण्डमा पर्ने गिनेरी खोलाको पुल नहुँदा सो सडक भएर हिड्ने लाखौं यात्रु मारमा परेका थिए । पुल भत्काउन आटेको विषयमा मेयर दुर्गाकुमार थापालाई बुझ्दा उनले सडक विभागलाई अनुरोध गर्दा आनाकानी गरेर बनाउन आलटाल गरेको प्रतिक्रिया दिए । इतिहासमा पहिलो पटक बनेको गिनेरी खोला पुलमा जनताको करोडौ लगानी परको छ ।

अटेरी, जब्बर गाईघाट बजारका घरवाला

सडकपेटीमा सामान थुपारेर सडकपेटी अबरुद्ध

❖ मुलुकी संवाददाता

त्रियुगा, (गाईघाट), असार १८

त्रियुगा नगरपालिकाले असार असार १६ गते बुधबारदेखि त्रियुगा नगरपालिकाको गाईघाट बजारको सडकपेटीको सामान उठाउन तिन दिनसम्म लगातार अनुरोध गर्दासमेत गाईघाटका केही घरवाला तथा ब्यापारीहरुले सडकपेटीमा सामान थुपारेर सडक अबरुद्ध गरेका छन् ।

गाईघाटको मुख्यचोक पूर्व बायाँ पटी रहेको लालबाबु फेन्सी स्टोरका र अर्का एक घरवालाले सडकपेटीमा घरनिर्माणको सामान थुपारेर हप्तौदेखि सडकपेटी अबरुद्ध गरेका छन् । तिनदिन अघि त्रियुगा नगरपालिकाको नगर प्रहरीले सामान हटाउन अनुरोध गर्दा उनले बेलुकी सम्म सामान उठाउने बताएका थिए । तर तिन दिन बितिसक्दा समेत घरवाला भोला साहले सामान ट्याक्टर नहुँदा हटाउन नसकेको प्रतिक्रिया दिए । उनले सामान हटाउन त्रियुगा नगरपालिकाका मेयर बलदेब चौधरीलाई अनुरोध गरेको र मेयरले बेवास्ता गरेको बताए । भोला साह उनको आफ्नो ट्याक्टर बिग्रेको कारण सामान हटाउन सक्दो प्रयास गरेको बताए । उनले निर्माण सामाग्री देउरी पुर्याउनुपर्ने र नगरपालिकाको ट्याक्टर दिए तेल खर्च आफु बेर्होने बताए । ट्याक्टर पाउने बितिकै आफ्नो सामान उठाउने साहले बताए । बाध्यताले सामान सडकपेटीमा राख्नुपरेको भोला साहको भनाई छ । उनी आफु पनि सडकपेटी खाली गराएर पैदलयात्रुलाई सहज रुपमा हिड्न दिनुपर्ने अभियानमा नै रहेको बताए ।

होटल रोदुङ सेकुवा कर्नर & लज
रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाईन्छ ।

प्रोपाईटर - **अगम चामलिङ राई**, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

सम्पादकिय

नगरपालिका तोडफोड गर्नेले

गिनेरी खोला पुलको बाँध बनाऊ

उदयपुर जिल्लाको पुर्वी बेलका नगरपालिकाको वडा नम्बर ५ जहडास्थित मदन भण्डारी लोकमार्गमा रहेको गिनेरी खोलाको पुल बर्षाको भेलले बगाउने खतरा बढेको छ । सयौ बर्षअघि देखि गिनेरी खोलाको पानीले त्यो बाटो बेल्टार, बसाहा, देउराली, सुपाडे हुँदै रामपुर, चतरा जाने यात्रुहरुलाई हैरान पारेको थियो । अहिले पुल बनेपछि जनताले ति सबै विगतका दिनको इतिहास बिर्से । गिनेरी खोलाले कति पटक मानिस बगाएका छन् कति बेलकाबासी नागरिकको खेती योग्य जमिन नदीले काटेको छ ।

दुई दिन अघि बेलका नगरपालिकाको सभाहल, मेयरको गाडी तोडफोड गर्ने बेलकाबासीहरुले गिनेरी खोलाको पुल रोकथामको लागि आफ्नो युवा शक्ति गिनेरी खोला रोकथामको लागि लगानी गर्नुपर्दछ। जसरी बेलका नगरपालिकाको कार्यक्रम हलमाथि ढुङ्गा, इटा बर्साइयो र सार्वजनिक सम्पतीमा तोडफोड गरियो त्यसरी नै बेलका नगरपालिकाको जहडा, सुपाडे घुम्ने बजार बिचको गिनेरी खोलाको बाँध निर्माणको लागि आन्दोलन गर्ने काङ्ग्रेस, माओवादीले गिनेरीखोलामा बाँध बनाउन लागिपर्नु पर्दछ। सो खोलामा पुल नहुँदाको दुख कष्टलाई सम्झेर बेलका नगरबासीहरुले सो बाँध बनाउन सबैले खटिन आबश्यक छ । सयौ बर्षमा बनेको सो पुलमा जनताबाट उठाईएको करोडौ मुल्यको लगानी छ ।

सार्बजनिक सम्पतीको रक्षाको लागि स्थानीय टोलबासी र स्थानीय सरकारले सम्बन्धित ठाउँमा रिपोट गरी पुलको बाँध बनाउन बेलकाबासीलाई फिल्डमा उताउर्नु पर्दछ। पुल भत्किहाल्यो भने फेरी बेलकाबासी तथा मदन मण्डारी लोकमार्ग भएर हिड्ने यात्रु तथा स्थानीयहरुको दिनदशा सुरु हुनेछ । सार्बजनिक सम्पतीको रक्षा गर्न सकेमा नगरबासीलाई नै फाइदा पुग्नेछ । पुल बनाउनको लागि सबै बेलकाबासी नागरिकहरु पुल भएको स्थानमा आई जनश्रमदान गरी पुलको बाँध तुरुन्त बाधिनुपर्दछ। पुल भत्केको खण्डमा नगरबासीले ठुलो मुल्य चोनौती बेहोर्नुपर्नेछ । त्यसैले सरकार या सम्बन्धित निकाय पुलको बाँध बनाउन नआएसम्म नबनाउने हाम्रो परिपाटीलाई बेलकाबासीले तोड्नेछ । बेलकाबासी स्थानीयले गिनेरी खोलामा पुल बनाउन सहायोग गर्नेछ। सार्बजनिक सम्पती रक्षाका लागि बेलका नगरबासीहरुले बाँध, चाहिँ बनाउनुपर्दछ ।

सम्पर्क – ९८६२९३६१९०
गाईघाटे
सेकुवा कर्नर...
हाम्रा सेवाहरु
सेकुवा, रोष्ट, सिकुटी, भुटन, नास्ता सेट, चिसो पेय पदार्थ पाईनुका साथै प्याकिङ्को पनि सुविधा रहेको छ ।

पत्रकार नेतादेखि चलचित्र निर्देशकसम्म भिषण राई

❖ **मनिता कुमारी राई**

नेपाल पत्रकारमहासंघका केन्द्रिय सदस्य भिषण राईको जन्म सुनसरी जिल्लाको बराह क्षेत्रमा भएको हो । उनि पत्रकारीता क्षेत्रमा काम गरेको १८ बर्ष भईसकेको छ। २०५५ सालमा धरानमा आइ.ए.सि.पढ्ने क्रममा कोठा भाडामा संगै बस्ने कृष्ण कुमार राई पत्रकारीता क्षेत्रमा काम गर्ने भएकाले उनै कृष्ण राईको संगतले उनी पत्रकार बने ।

भिषणलाई पत्रकारीतामा सुरुमा धेरै रहर भएकोले पारिश्रमिक नदिए पनि नामको लागि भए पनि उनले काम गरेको रमाईलो क्षण सुनाउँछन्। उनलाई मिडिया के हो र यसको अन्तिम सम्म पुग्ने र बुझनका लागि पत्रकारीतामा नै मास्टर डिग्रि पढ्न काठमाण्डौं गएका थिए। कान्तिपुर साप्ताहिकमा १२ बर्ष काम गरे। पत्रकारीता क्षेत्रमा काम गर्दा आफ्नो लागि मात्र नभएर समाज राष्ट्र, देशको लागि सेवा दिन सकिने राईको भनाई छ ।

उनले किरात राई पत्रकार सङ्ठनमा २०६३ सालमा सुरु गरेका र चौथो कार्यकालमा केन्द्रिय अध्यक्ष भए। यस बाहेक उनी जातिय संस्था किरात यायोख्खामा एक कार्यकाल केन्द्रीय सदस्य भएर काम गरेका थिए। आदिवासि जनजाति पत्रकार महासघं फोनिजमा पनि केही समय जिम्मेवारी लिएर काम गरे । उनि २०७७ चैत २५ गते बुधबार भएको नेपाल पत्रकार महासघंको केन्द्रिय सदस्यमा निर्बाचित भए। उनी पहिला प्रेस युनियनको पार्षद तथा केन्द्रिय डिजिटल विभागमा केन्द्रिय सदस्य भएर काम गरेका थिए। उनीले नेपाली काङ्ग्रेस पार्टी कार्यालय सानेपामा प्रचारप्रसारको स्थानिय चुनावमा समेत सहयोगको भुमिका निभाएका थिए। पत्रकार स्वतन्त्र हुनु पर्छ तर समाचार लेख्नमा विचारमा सङ्गठित हुनुपर्ने स्वतन्त्र लेखक पत्रकार भिषण राईको तर्क छ। नेपाल पत्रकारक महासंघका केन्द्रिय सदस्य राई पत्रकारीता बाहेक राजनीति र फिल्म निर्देशन म्युजिक भिडियो निर्देशन समेत गर्छन्।

उनले २०७५ सालमा पुरानो बुलेट फिल्म निर्देशन गरेर प्रर्दशन गरेका थिए । त्यो भन्दा पहिला उनले ४ वटा फिल्ममा निर्देशन सहायकको भुमिका निभाएका थिए । पत्रकारबिना देश , गाउँ समाजको कल्पना गर्न नसकिने पत्रकारबिनाको देश जङ्गबहादुर राणा काल जस्तो हुने देशको लागि पत्रकार आवश्यक केन्द्रीय सदस्य राईको माग छ ।

नेपाल पत्रकार महासंघ
पदस्थापन कार्यक्रम

जग्गादातालाई सम्मान । बेलका नगरपालिकाको भबन निर्माणको लागि १ कठ्ठा जग्गा प्रदान गर्ने बेलका नगरपालिका ९ का उत्तमकुमार बिष्टलाई अनौपचारिक क्षेत्र सेवा केन्द्रले आयोजना गरेको कार्यक्रममा सम्मान गर्दै बेलका नगरपालिकाका नगरप्रमुख मेयर दुर्गाकुमार थापा । *तस्विर - बुद्धि कुमार राई ।*

कटारी नगरपालिकाको बजेट ६९ करोड

❖ मुलुकी संवाददाता

कटारी, असार १८

निर्धारित मितिभन्दा सातादिन ढिला नगरसभा सम्पन्न गरेको कटारी नगरपालिकाले आगामी आर्थिकवर्षको बजेट तथा बजेट कार्यक्रम पारित गरेको छ । असार १० गतेभित्र बजेट अधिवेशन गरिसक्नुपर्ने मन्त्रालयको निर्देशन भए पनि विशेष कारण देखाएर बिहीबार आयोजना गरेको सातौं नगरसभाले ६९ करोड ०९ लाख २० हजार ५ सय ५० रुपैंयाको बजेट पारित गरेको छ। विहिबार सम्पन्न नगर अधिवेशनले पारित गरेको बजेट तथा नीति कार्यक्रमबारे शुक्रबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सातौं नगर सभा-२०७८
कटारी नगरपालिका
कटारी, उदयपुर

पत्रकार सम्मेलनमा नगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ४ का वडाध्यक्ष कृष्णराज दनुवारले आयतर्फ संघीय सरकारबाट प्राप्त हुने ४९ करोड ५९ लाख, प्रदेशबाट ३ करोड ६९ लाख १७ हजार र आन्तरिक स्रोतबाट १८ करोड ८३ लाख ९९ हजार ५ सय ५० को अनुमानित आय पारित गरेको बताए । उनले नगरका १४ वटै वडालाई प्रतिवडा ७० लाखका दरले वडागत बजेट बिनियोजन गरिएको जानकारी दिए ।

नगर उपप्रमुख भिमकुमारी राउतद्वारा प्रस्तुत नीति कार्यक्रममा नगरको दिर्घकालिन विकासको सोचलाई आधारमान्दै आर्थिक वर्ष २०७८/७९ ले बिभिन्न आधारभूत कार्यक्रमहरु तय गरेको नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठले बताए । उनका अनुसार आगामी वर्ष ५ नम्बर वडाका अति विपन्न बलबहादुर थापा मगरकी श्रीमति दिलमाया थापा मगर र चमेली तामाको परिवारलाई बास बस्ने व्यवस्था मिलाउन आवश्यक जग्गा र घर निर्माण गरिदिने योजना पास गरेको बताए।

नगरपालिकाको पहाडी भेगका ५ वडाहरु ९, १०, ११, १३ र १४ लाई टुक्राएर छुट्टै गाउँपालिका बनाउने भन्दै गरेको माग सम्बोधन गर्दै त्यसका लागि आवश्यक प्रक्रिया अघि बढाउन जिल्ला समन्वय समिति, प्रदेश सरकार र संघीय सरकारसमक्ष सिफारिस गर्ने नीति पास गरेको पनि बताए।

मेयर श्रेष्ठले कोविड रोकथाम कार्यक्रमका लागि १ करोड बजेट छुट्टाएको बताउँदै प्रत्येक स्वास्थ्य केन्द्रबाट एन्टिजेन परीक्षण गर्दै नगरवासीहरुलाई कोविडमुक्त बनाउने योजना पनि पास भएको जानकारी दिए । कोविडबाट बँचाउन नगरवासीलाई छिट्टै खोपको व्यवस्था मिलाउने नीति पनि नगरसभाले पास गरेको उनको भनाई थियो ।

वल्डकप .....

मा गरिएको थियो भने अब अर्को आउने वरियता १२ अगस्ट २०२१ म हुनेछ । तर एसियाका यी ४६ राष्ट्रलाई दुई भागमा लाउन अप्रिल २०२१ कै फिफा वरियतालाई आधार मानिएको थियो। एसियाका ४६ राष्ट्रलाई दुई भागमा लाउँदा फिफा वरियताको आधारमा शिर्ष एकदेखि ३४ भित्र पर्न सफल भएकोलाई सिधै दास्रो चरणमा लगियो । बाँकी रहेका ३५ देखि ४६ सर्म्मका १२ राष्ट्रलाई छ भागमा लगाएर एकअर्कासँग प्रतिस्पर्धा गर्न लगाइयो ।

यी १२ राष्ट्रले होम एण्ड अवे म्याच खेलेर एकअर्कासँग प्रतिस्पर्धा गरिसकेपछि विजयी भएका छ राष्ट्रलाई बल्ल दोस्रो चरणमा ल्याइयो । त्यतिबेलाको फिफा वरियताको आधारमा एकदेखि ३४ राष्ट्रको कोटामा नेपाल अन्तिम ३४ औं स्थानमा भाग्यबस पर्न सफल भएपछि नेपालले सिधै दोस्रो चरण खेल्ने मौका पायो । त्यतिबेला नेपालको फिफा वरियता १६१ औं थियो भने पछिल्लो मे महिनाको आधारमा नेपाल १७१ औं स्थानमा झरेको छ। पहिलो चरणमा जीतेर आएको छ राष्ट्र र सिधै दोस्रो चरणमा आइपुगेका ३४ राष्ट्र गरेर जम्मा ४० राष्ट्रलाई दोस्रो चरणको वास्तविक खेल खेलाइयो ।

दोस्रो चरणमा यी ४० राष्ट्रलाई हरेक समुहमा पाँच राष्ट्र हुनेगरि आठ समुहमा विभाजन गरियो । पछि उत्तर कोरियाले समुह एच बाट नाम फिर्ता लिएको थियो । हरेक समुहमा प्रत्येक टोलीले एकअर्कासँग होम एण्ड अवेको आधारमा एकअर्काको मैदानमा गएर छनौट खेल्नुपर्थ्यो । नेपाल समुह बी मा अष्ट्रेलिया, कुवेत, जोर्डन र चाइनिज ताइपेइसँग परेको थियो । छनौट खेल खेल्दा बीचमै कोरोनाले प्रभावित पारेपछि नेपालले बाँकी खेल आफ्नो घरेलु मैदानमा खेलाउनु नपाएर तटस्थ मैदान कुवेतमा खेलेको थियो । नेपालले चाइनिज ताइपेइविरुद्धको दुवै खेलमात्र जीत्दा बाँकी सबै खेल गुमाएको थियो ।

यो छनौट खेल यतिञ्जेललाई विश्वकपसँगै चीन २०२३ एसियन कपको पनि संयुक्त छनौट थियो। आठ समुहका विजेता सिधै एसियन कपको लागि छनौट भयोभने विश्वकप छनौटको लागि तेस्रो चरणमा प्रवेश गऱ्यो । यी आठ राष्ट्रलाई पछ्याउँदै अरु पाँच राष्ट्र पनि आए । समुहमा दोस्रो हुनेमध्ये उत्कृष्ट पाँच राष्ट्रले पनि यहि आठ राष्ट्रले पाएको अवसर पाए। दोस्रो स्थान हाँसिल गर्ने बाँकी तीन राष्ट्र, तेस्रो र चौथो स्थान हाँसिल गर्ने आठआठ राष्ट्र र अन्तिम पाँचौं स्थानको सुरुका तीन राष्ट्रले विश्वकप छनौटको यात्रा गुमाएपनि भाग्यवस नियम परिवर्तन हुँदा एसियन कपको छनौट भने खेल्न पाउने भए ।

र यो कोटामा पनि पर्न नसकेको अन्तिममा रहेको चार राष्ट्रले प्लेअफ खेल जीतेमा दुईले चाँहि अझै एसियन कप छनौट खेल्ने सम्भावना पाएका छन् । यी त भए दोस्रो राउण्डका कुरा । दोस्रो राउण्डमा हरेक समुहको पहिलो हुने आठ राष्ट्र र दोस्रो हुनेमध्ये उत्कृष्ट पाँच गरि कुल १३ राष्ट्र तेस्रो राउण्डमा आए । २०२२ विश्वकपको आयोजक राष्ट्र कतार यो १३ राष्ट्रभित्र पर्न सफल भएपनि अब यसपछि उसले कुनैपनि छनौट खेलिबस्नुपर्ने छैन । आयोजकको नाताले कतार स्वतः विश्वकपमा छनौट भइसकेको छ। कतारले तेस्रो चरणमा आएर छनौट खेलिबस्नुनपर्ने भएपछि अब १२ राष्ट्रमात्र बाँकी रहे । ती १२ राष्ट्रलाई यहि बिहिबार मलेशियाको राजधानी क्वालालम्पुरस्थीत एएफसीको प्रधान कार्यालयमा लक्की ड्र गरेर दुई समुहमा विभाजन गरियो । फिफा वरियताको आधारमा जापान र इरानलाई सबभन्दा पहिला दुई अलगअलग भाँडामा राखेर अनिपछि अरुलाई लक्की ड्र गरियो । समुह ए मा इरानसँगै दक्षिण कोरिया, युएई, इराक, सिरिया लेबनान र समुह ए मा जापानसँगै अष्ट्रेलिया, साउदी अरबिया, चीन, ओमान र भियतनाम छन्। यी दुई समुहमा हरेकले एकअर्कासँग दोहोरो राउण्ड रोबिन आधारमा खेल्नेछन् र समुहका शिर्ष दुई गरेर जम्मा चार राष्ट्रले विश्वकपमा बल्ल स्थान बनाउनेछन् । यसरि एसियाबाट विश्वकप सम्मको बाटो तय हुनेछ । अन्तिममा समुहमा तेस्रो हुनेमध्यबाट एकले प्लेअफ खेल्दै ती चार राष्ट्रपछि विश्वकपमा जानपनि सक्नेछ ।

१, आलु	रु ३०	१४, कटहर	रु ४०
२, अदुवा	रु १२०	१५, काका	रु ४०
३, टमाटर	रु ६०	१६, धनियाँ	रु ८०
४, बन्दा	रु ५०	१७, लोकलबोडि	रु ८०
५, भेन्टा	रु ४०	१८, खर्बुजा	रु ४०
६, खुर्सानी	रु ८०	१९, रायो साग	रु १००
७, मुला	रु ४०	२०, लट्टे साग	रु ६०
८, पर्बल	रु ६०	२१, प्याज	रु ५५
९, तितेकरेला	रु४०	२२, निगुरो	रु २५
१०, भिन्डी	रु ४०	२३, दुध	रु ७०
११, च्याउ	रु २००	२४, दहि	रु ९०
१२, फुलकोबी	रु १००	२५, महि	रु ५०
१३, फर्सि	रु ५०	२६, घिउ	रु ७००

फुटबल मैदान । उदयपुर जिल्लाको चौदण्डी नगरपालिकाको वडा नम्बर ३ बसाहामा रहेको खेलमैदान । चौदण्डीगढीको महिला फुटबल खेलाडीहरु उत्कृष्ट फुटबल खेल खेल्छन् । उनीहरु यही खेलमैदानमा अभ्यास गर्दछन । खेलमैदानको भने स्तरउन्नती हुन सकेको छैन । *तस्विर - बुद्धि कुमार राई ।*

वल्डकपको लागि एसियाबाट कतारको बाटो खुल्यो

❖ **बिबेक राई**

गाईघाट, असार १८

अर्को वर्ष हुने कतार २०२२ वर्ल्डकपको छनौटको रौनक अहिले सबैतिर छ। चरणबद्ध हुने छनौट खेलहरु चल्ने अनि रोकिने क्रममा कतै भर्खर सुरु हुँदैछ, कतै दोस्रो सकिएर तेस्रो चरण हुने कुरा छ भने कतै अन्तिम चरणमा आइसकेका छन् ।

सबैतिरबाट छनौट भइ आउनुपर्नेमा एसियाबाट हुने छनौटको कुरा अछुतो रहने भएन । एसियाबाट कतार २०२२ वर्ल्डकपको बाटो कस्तो हुँदैछ भनेर अहिले चर्चामा रहेको विषय हो । एसियाबाट विश्वकप छनौटको लागि अब तेस्रो चरणको खेल हुने भएपछि पनि अहिलेलाई यो विषय चासोको विषय भएको हो । यहि बिहिबार एसियाली फुटबल महासंघ (एएफसी) ले छनौटको तेस्रो चरणमा खेल्ने टोलीहरुलाई दुई समुहमा विभाजन गरेपछि यो विषय चासोको विषय भएको हो । एसियाबाट कतार २०२२ को विश्वकप खेल्न कुन टोली कुन बाटो जानेछ भनेर अहिले चासोको विषय बनेको छ। तर पक्कैपनि ती टोलीहरुले तेस्रो चरणको छनौट खेलमा छनौट हुन सक्नुपर्नेछ । तेस्रो चरपमा आइपुगेका १२ टोलीले छनौट हुनको लागि एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन् । एसियाबाट छनौटको लागि अहिलेसम्म विश्वकप छनौटको यात्रा यस्तो रह्यो ।

पहिला त एसियाका ४६ राष्ट्रलाई फिफा वरियताका आधारमा दुई भागमा लगाईयो । फिफा वरियता पछिल्लोपटक २७ मे २०२१ - *बाँकी ३ पेजमा*

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

बागमती गाउँपालिका
ललितपुर

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कृषि शाखा
जनहितमा जारी सन्देश !

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली बिमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिमसार तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by Nagarikonline

माझखर्क सामाजिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट